**अधिक जानकारीको लागि सम्पर्क ठेगाना :**

**खुदाको कलाम**

जि.पि.ओ. १६१५

काठमाण्डौं, नेपाल

e-mail :khudakakalam@gmail.com

## *खुदा एक हुनुहुन्छ, अनि खुदा र मानिसहरूका बीचमा एक मध्यस्थकर्त्ता हुनुहुन्छ, मानिस ईसा मसीह (१ तिमोथी २:५) ।*

अत्यधिक गतिमा गाडी हाँकेर एकजना चालकले अर्को गाडीलाई उछिन्यो र बाटो छेक्यो । दोस्रो गाडीको चालक रिसले चूर भयो र बदला लिँदै उसले गाडी सडक बाहिरै लगेर पहिलो गाडीको अगाडि रोक्यो । दुवैजना आ-आफ्ना गाडीबाट बाहिर निस्किए र हातमा तरवार लिएर भिड्नलाई दगुरे । त्यति नै बेला त्यही बाटो भएर आइरहेको एकजना मानिसले तिनीहरूका बीचमा गएर तिनीहरूलाई छुट्ट्यायो र तिनीहरूका बीचमा मध्यस्थकर्त्ता बन्यो । तर उसलाई चोट लाग्यो र रक्ताम्य भएर ऊ भुइँमा ढल्यो ।

त्यसै गरी, तर अति उच्च तहमा, खुदावन्द मसिह, खुदा र मानिसबीच मध्यस्थकर्त्ता बन्नुभयो । तपाईं सोध्नुहोलाः "के खुदा मानिसको दुश्मन हुनुहुन्छ र ?" कदापि हुनुहुन्न । त्यसको विपरीत, मानिसले पो खुदाको विरुद्धमा विद्रोह गरेको छ र उहाँका हुकूमहरूको विरुद्धमा चलेको छ । ऊ आफ्ना मालिकको अधीनमा रहन मान्दैन । मानिस विद्रोही हो जसले पाक खुदाको कुनै वास्ता गर्दैन । मानिसले आफ्नै प्राविधिक विकासहरूमा, आफ्नै बौद्धिक उपलब्धीहरूमा घमण्ड गर्दछ र आफैलाई सानो ईश्वर (खुदा) नै ठान्दछ । मानिसहरूले आफ्नो स्वार्थीपनामा खुदाको निन्दा गर्दछन् । मानिसको अशुद्धताले खुदाको शुद्धतालाई बाधा पार्न खोज्दछ, अनि मानिसले आफ्नो दुष्टताको कारण खुदाको रास्ताबाजलाई घृणा गर्दछ ।

के तपाईं खुदाको दुश्मन हुनुहुन्छ ? हाम्रा गुनाहहरूले हामीलाई उहाँदेखि अलग पारेका छन् भनेर भन्दा हामी सही नै हुन्छौं । उहाँ पाक हुनुहुन्छ र उहाँले हाम्रा गुनाहहरूलाई सजाय दिनु नै पर्दछ । त्यो सजायचाहिँ मृत्यु र दण्डाज्ञा हो । न्यायको दिनमा गुनेहगार हरू जहनम अथवा दोजकमा जानेछन् ।

अति नम्रतासाथ हामी स्वीकार गर्दछौं: खुदा पाक हुनुहुन्छ, उहाँ नै सत्यता हुनुहुन्छ । उहाँ रास्ताबाज, पाक र न्यायी हुनुहुन्छ । उहाँका धार्मिक स्तरअनुरूप नजिउने सबैले उहाँलाई बेखुसी तुल्याइरहेका छन् र तिनीहरू उहाँको धर्मी क्रोधमा पर्न योग्यका छन् ।

तैपनि हामीले भन्नु नै पर्दछ: “खुदाको अनुग्रह हामीलाई दिइएको छ ।” महान् र पाक खुदा प्रेम र दयाले भरपूर पनि हुनुहुन्छ । अनन्त भलाइ गर्दै उहाँले आफू र हामीबीच मध्यस्थकर्त्ता हुनको निम्ति ईसा मसिहलाई पठाउनुभयो । उनै धन्यका जन धाँदोमा उभिनुभयो र हाम्रो सजाय आफूमाथि लिएर उहाँले हाम्रो गुनाहको मुल्य तिरिदिनुभयो । के तपाईंले सलिबको (क्रूसको) साँचो अर्थ बुझ्नुभएको छ ? मानिस येशू खुदाका आत्माबाट जन्मिनुभएको थियो । उहाँले पाक खुदा र गुनाहगार मानिसबीच मध्यस्थता गर्नुभयो, अनि खुदाको क्रोधको आगो साम्य पारिदिनुभयो । विद्रोहीहरूले उहाँका हात र पाउमा हथौडाले कीला ठोकेका उहाँले सहनुभयो र उहाँ हाम्रो सट्टामा मर्नुभयो ताकि हामी न्यायमा नपरौं । आउनुहोस्, उहाँलाई शुकरियादा गरौं जसले हाम्रा मध्यस्थकर्त्ता बनेर आफ्नो मृत्युद्वारा हामीलाई पुनर्मिलाप गराउनुभएको छ । उहाँले तौवाको मृत्यु भोग्नुभएको क्षणदेखि नै खुदाको सकून संसारमा प्रवेश गरेको छ र यो अद्वितीय पुनर्मिलापलाई ग्रहण गर्नेहरूले यो कुरा बुझ्दछन् र इमान गर्दछन् कि खुदाले हामीलाई धर्मी गन्नुहुन्छ र हामी विनाश हुनदेखि उद्धार गरिएका छौं । “तपाईंको इमानले तपाईंको नजात गराएको छ ।”

खुदाका बेटा ईसा मसिह फेरी जीवित भई उठ्नुभएपछि आसमानतिर उचालिनुभयो र हाम्रो निम्ति खुदासँग प्रार्थना गर्दै खुदाको दाहिनेपट्टि बिराजमान हुनुहुन्छ । उहाँले आफ्ना पितालाई भन्नुहुनेछ: “यो मानिस मेरा आफ्नैहरूमध्ये एक हो । म उसलाई ग्रहण गर्दछु, किनकि उसले मलाई र मैले उसको निम्ति गरेको कामलाई कुबूल गरेको छ ।” उनै मध्यस्थकर्त्ता ईसा मसिहबाट नै फज्ल, सामर्थ्य र मोहब्बतका नदीहरू उहाँका हवारीहरूतर्फ बग्दछन् ।

खुदावन्द ईसा मसिह हाम्रो सट्टामा मर्नुभयो भन्ने कुरालाई अस्वीकार गर्नेहरू क्रोध र न्यायमै रहिरहन्छन्, किनभने खुदाले तिनीहरूलाई प्रस्ताव गर्नुभएको फज्ललाई तिनीहरूले अस्वीकार गरेका छन् । आजको संसार दुई समूहहरूले बनेको छ: नम्र बनेर खुदावन्द ईसा मसिहको सित्तैंको मध्यस्थतालाई शुकरियासाथ कुबूल गर्नेहरू र खुदाको विरुद्ध विद्रोह गर्ने घमण्डीहरू । तपाईं कुन समूहमा हुनुहुन्छ ?